बैठक संख्याः ०४ -०८१।०८२

आज मिति २०८१।०६।१८ गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. श्री निर्मल राना ( गाउँपालिका अध्यक्ष )
२. श्री सपना चौधरी राना ( गाउँपालिका उपाध्यक्ष)
३. श्री प्यारेलाल राना ( १ नं. वडा अध्यक्ष)
४. श्री आशाराम राना ( २ नं. वडा अध्यक्ष)
५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष) (अनुपस्थित)
६. श्री बहादुर राना ( ४ नं. वडा अध्यक्ष)
७. श्री पहल बहादुर थापा ( ५ नं. वडा अध्यक्ष)
८. श्री हर्कनारायण जोशी ( ६ नं. वडा अध्यक्ष)
९. श्री वसमती राना ( गाउँकार्यपालिका सदस्य)
१०. श्री दिलमाया चौधरी ( गाउँकार्यपालिका सदस्य)
११. श्री विन्दु देवि तिरुवा ( गाउँकार्यपालिका सदस्य)
१२. श्री शान्ती सार्की ( गाउँकार्यपालिका सदस्य) अनुपस्थित
१३. श्री गीता देवि कोली ( गाउँकार्यपालिका सदस्य)
१४. श्री दुर्गा देवि कामी ( गाउँकार्यपालिका सदस्य)
१५. श्री राज बहादुर सार्की ( सदस्य सचिव)

आमन्त्रित।
१. राम सिंह चौधरी (का.वा. वडा अध्यक्ष ३ नं वडा)

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

**बैठक संख्या: ०४ आ.व.२०८१।०८२ मिति:२०८१।०६।१८ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१**

यस लालझाडी गाउँपालिका वडा नं. २ को बसपार्क निर्माणार्थ जग्गाको भोगाधिकार प्राप्तिका लागि सम्बन्धित निकायमा प्रस्ताव पेश गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।

**निर्णय नं.२**

यस लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको प्रशासकीय भवनका निर्माणका लागि लागि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार पालिकाबाट व्यहोर्नु पर्ने कुल लागत रकमको ४० प्रतिशत रमक व्यहोर्ने प्रतिवद्धता गर्ने र पालिकाको आफ्नो न्यून आय भएको तथा मानव विकास सूचकाङ्कमा समेत पछाडि रहेको हुँदा थप बीस २० प्रतिशत अनुदान प्राप्तिका लागि प्रस्ताव सहित शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग श्रीमल पुलचोक ललितपुरमा आयोजना स्वीकृतिका लागि आवश्यक कागजात सहित माग फारम भरी पेश गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.३**

यस लालझाडी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारी, नविकरण, नामसारी तथा खारेज गर्ने सम्बन्धी कार्यविधि, २०७४ (पहिलो संशोधन- २०८१) अनुसार घ वर्गका निर्माण व्यवसायीहरुलाई इजाजत पत्रको अनुमति दिने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।

**निर्णय नं.४**

यस लालझाडी गाउँपालिकाको विधायन समितबाट पेश भएको देहाय बमोजिमका निर्देशिका र कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्ने / गराउने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।

**देहायः**

क. छाडा चौपाया नियन्तण तथा व्यवस्थापन निर्देशिका, २०८१

ख. उत्कृष्ट उद्यमी / व्यवसायी, कृषक सम्मान कार्यविधि, २०८१

**निर्णय नं.५**

यस लालझाडी गाउँपालिकाका लागि अग्नी नियन्त्रण गर्ने उद्देश्यले यस पालिकाबाट सम्झौता अनुसारको बजेट व्यहोर्ने गरी दमकल खरिदका लागि बेलौरी नगरपालिका लाई सहमति प्रदान गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

CS CamScanner